# <u>सुदूरपश्चिमको धनगढीमा विपद् पोर्टलको स्थानीयकरण सम्बन्धी तालिम सम्पन्न</u>

मंसिर २७, काठमाडौं

यही मंसिर २६ र २७ गते सुदूरपश्चिमको धनगढीमा 'विपद् सूचना व्यवस्थापन प्रणाली' सम्बन्धी दुईदिने तालिम सम्पन्न भएको छ । विपद्का सूचनाहरु स्थानीय तहबाटै केन्द्रीय प्रणालीमा कसरी समाविष्ट गर्ने भन्नेबारेमा सहभागीहरुलाई तालिम दिइएको थियो ।




उक्त अवसरमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका उपसचिव हिरादेवी पौडेलले प्राधिकरणले विपद् व्यवस्थापनका क्षेत्रमा गरिरहेका कामहरुबारे जानकारी गराउनुभयो । सुदूरपश्चिमको आन्तरिक मामिला तथा कानून मन्त्रालयका उपसचिव विश्वदीप बेस्राले सुदूरपश्चिममा बाढी, पहिरोका साथै भूकम्पको पनि जोखिम रहेको बताउनुभयो । केही समयअघि डोटी भूकम्पले सुदूरपश्चिम प्रदेशका ४ वटा जिल्लाहरु डोटी, बैतडी, बझाङ्ग र अछामका घरहरुमा क्षति पुर्याएको बेस्राले जानकारी गराउनुभयो । उहाँले भूकम्पको जोखिम रहिरहेको भन्दै सर्वसाधारणलाई यसबारे सचेत गराउनु आवश्यक रहेको बताउनुभयो । विपदबारेको सूचनाको उपलब्धता सहज नहुँदा पनि क्षति बढी हुने गरेको उहाँको भनाई थियो । यसैगरी कैलालीका सहायक प्रमुख जिल्ला अधिकारी यज्ञराज जोशीले कैलालीमा प्रत्येक वर्ष बाढीले दु:ख दिने गरेको बताउनुभयो । सर्वसाधारणलाई समयमै संभावित विपदबारे सचेत गराउन सकिएको खण्डमा क्षति कम हुने उहाँको भनाई थियो । जोशीले आपतकालिन कार्यसञ्चालन केन्द्रहरुलाई तथ्याङ्क प्रविष्ट गर्दा जिम्मेवार हुन सुझाव पनि दिनुभयो ।



तालिममा प्रदेश आपतकालिक कार्यसञ्चालन केन्द्र, जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, कैलाली सहित सुदूरपश्चिम प्रदेशका विभिन्न १५ वटा पालिकाका सूचना प्रविधि अधिकृत र विपद् फोकल पर्सनहरुका साथै यूएन सुदूरपश्चिम प्रदेश सम्पर्क तथा समन्वय एकाईका प्रमुखको सहभागिता थियो । सहभागीहरुलाई युथ इनोभेसन ल्यावका तर्फबाट अविनाश सुवेदी र यूएनडिपीका सूचना प्रविधि विज्ञ अरुण पौडेलले तालिम प्रदान गर्नुभएको थियो भने सहभागीहरुले राखेका जिज्ञासाको जवाफ प्राधिकरणका अधिकृत दिपेश विडारीले दिनुभएको थियो । यूएनका सुदुरपश्चिम प्रदेश सम्पर्क तथा समन्वय एकाईका प्रमुख वैजयन्ती गिरी सिंहले तालिमको महत्व र उद्धेश्यबारे प्रकाश पार्नुभएको थियो ।

उक्त तालिम प्राधिकरणको आयोजना र यूएनडिपीको प्राविधिक सहयोगमा सम्पन्न भएको हो ।